राष्ट्रको सञ्चार

नेपाल टेलिकम

# Telecom Newsletter

नेपाल दूरसञ्चार कं.लि., भद्रकालीप्लाजा, काठमाडौं



Monthly Publication

Volume 20, Issue 3 No. 133 Nepal Telecom (Nepal Doorsanchar Co.Ltd.) Poush 2077 (January 2021)

## नेपाल टेलिकमले सञ्चालनमा ल्यायो NTTV (एनटी टिभी) सेवा



नेपाल टेलिकमले गत पुस १७ गते (१ जनवरी २०२१) NTTV (एनटी टिभी) ब्राण्डमा एफटीटीएच (Fiber To The Home-FTTH) मार्फत आईपी टिभी (IPTV) सेवाको शुभारम्भ गरेको छ। टेलिकमले एफटीटीएच सेवाबाट भ्वाइस सेवा र डाटा सेवा उपलब्ध गराइरहेकोमा एनटी टिभी सेवा पनि उपलब्ध गराएपश्चात् Triple Play (ट्रिपल प्ले) को अवधारणा कार्यान्वयनमा सफलता प्राप्त गरेको हो।

कम्पनीको केन्द्रीय कार्यालयमा गत पुस १७ गते आयोजित एक कार्यक्रममा सञ्चार तथा सूचना प्रविधि मन्त्री माननीय पार्वत गुरुङले NTTV सेवाको शुभारम्भ गर्नुभएको हो। सो अवसरमा उहाँले नेपाल टेलिकमले अत्याधुनिक सेवाका रुपमा एउटै तारबाट भ्वाइस, इन्टरनेट र टेलिभिजन सेवासमेत उपलब्ध गराउन लागेकोमा निकै उत्साहित भएको बताउँदै दिगो र भरपर्दो सेवाका लागि योजना बनाएर खटिन निर्देशन दिनुभयो। यस्ता सेवालाई देशव्यापी बनाई सबै जनतासमक्ष पुऱ्याई कम्पनीलाई प्रतिस्पर्धामा अब्बल सावित गराउनु कम्पनीको दायित्व भएको बताउनु भयो।

यसैगरी समारोहका सभापति, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव तथा कम्पनी सञ्चालक समितिका अध्यक्ष हरिप्रसाद बस्यालले जनतामा अत्यधिक माग भएको एउटै फाइबरबाट तीनथरी सेवाहरु उपलब्ध हुने एफटीटीएच सेवालाई मुलुकभर विस्तार गर्नुका साथै सेवाको मर्मत र निरन्तरतामा ध्यान दिनुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा नेपाल टेलिकमका प्रबन्ध निर्देशक डिल्लीराम अधिकारीले स्वागत मन्तव्य राख्दै मुलुकका ३९ वटा जिल्लामा एफटीटीएच सेवा विस्तार गरिएको र एफटीटीएच सेवा विस्तारमा कम्पनी पहिलो

*(बाँकी २ पेजमा)*

## राज्यका प्राथमिकतामा रहेका आयोजनाहरू समयमै सम्पन्न गरौं

सञ्चार तथा सूचना प्रविधि मन्त्री पार्वत गुरुङले नेपाल टेलिकमका रुपान्तरणकारी परियोजनाहरु समयमै सम्पन्न गर्न निर्देशन दिनुभएको छ। मन्त्री गुरुङले गत कात्तिक २० गते नेपाल टेलिकम केन्द्रीय कार्यालयको निरीक्षण भ्रमणका क्रममा आयोजित कार्यक्रममा सो निर्देशन दिनुभएको हो।

भ्रमणका अवसरमा केन्द्रीय कार्यालयमा आयोजित स्वागत समारोहमा मन्त्री गुरुङले मुलुकले प्राथमिकतामा राखेका योजनाहरु जस्तै पूर्वपश्चिम सूचना महामार्ग, सबै स्थानीय निकायमा अत्याधुनिक दूरसञ्चार सेवा तथा सबै वडा र स्वास्थ्य केन्द्रमा इन्टरनेट सेवाको विस्तारका लक्ष्य कम्पनीले समयमै पूरा गर्नुपर्नेमा जोड दिनुभयो।

कम्पनीका तर्फबाट कार्यसम्पादन सम्झौता भएको स्मरण गराउँदै उहाँले यसलाई कडाईका साथ पालना गर्नुपर्ने र यसका लागि मन्त्रालयका तर्फबाट जे जस्तो सहयोग आवश्यक परेपनि प्रदान




गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। खरिद ऐन संस्थामैत्री बनाउन तथा संस्थाका लक्ष्य पूरा गर्न अवरोध खडा गर्ने कुनै कानूनी प्रावधान भए तिनलाई सुल्झाउन गर्नुपर्ने कार्यका लागि आफू तयार रहेको पनि उहाँले बताउनु भयो।

*(बाँकी २ पेजमा)*

# नेपाल टेलिकमले सञ्चालन ...

(१ पेजको बाँकी)

नम्बरमा रहेको उल्लेख गर्नुभयो। उहाँले यो सेवाको विस्तारले नेपाल सरकारको डिजिटल नेपाल स्थापना गर्ने अभियानमा सहयोग पुग्ने र डिजिटल रुपान्तरणमा प्रभावकारी योगदान पुग्ने बताउनु भयो।

कम्पनीको एफटीटीएच सेवामार्फत भ्वाइस सेवा वा डाटा सेवा वा दुवै सेवा प्रयोग गरिरहनु भएका ग्राहकवर्गले एनटी टिभी सेवा प्राप्त गर्न नजिकैको नेपाल टेलिकम कार्यालयमा सम्पर्क गर्नुपर्दछ। तत्कालका लागि काठमाडौ उपत्यकाका अधिकांश स्थानहरु र काठमाडौ बाहिर बनेपामा एनटी टिभी सेवा उपलब्ध हुनेछ।

राष्ट्रिय टिभी च्यानल तथा विदेशी च्यानलहरु उपलब्ध हुने एनटी टिभी सेवा वेसिक प्याकेज र प्रिमियम प्याकेजमा छुट्याइएको र सेवा अवधि एक महिना, तीन महिना वा एक वर्ष कायम गरिएको छ। इन्टरनेट व्याण्डविथ प्रयोगका आधारमा यसको मूल्य फरक फरक कायम गरिएको छ। उदाहरणका लागि, Basic Package (वेसिक प्याकेज) अन्तर्गत एक महिना अवधिका लागि १५ एमबिपिएस इन्टरनेट व्याण्डविथ सहितको एनटी टिभी सेवाको दर रु. १,२३० प्रतिमहिना रहेको छ भने एक वर्षको लागि १५ एमबिपिएस इन्टरनेट सहितको एनटी टिभी सेवा रु. १३,२२० मा उपलब्ध हुनेछ।

यसैगरी Premium Package (प्रिमियम प्याकेज) अन्तर्गत एक महिना अवधिका लागि १५ एमबिपिएस इन्टरनेट व्याण्डविथ सहितको एनटी टिभी सेवा रु. १,४०० मा उपलब्ध हुनेछ र एक वर्षका लागि ६० एमबिपिएस इन्टरनेट सहितको एनटी टिभी सेवा रु २४,५०० मा उपलब्ध हुनेछ। वेसिक र प्रिमियम दुवै प्याकेजमा नेपाल टेलिकमको नेटवर्कमा मासिक २५० मिनेट टेलिफोन गर्न सकिने सुविधा उपलब्ध छ।

कम्पनीले तारवाला फोनका ग्राहकहरुलाई प्राविधिक रुपले सम्भव भएसम्म एफटीटीएचमा रुपान्तरण गरिरहेको अवस्थामा एफटीटीएच अन्तर्गत भ्वाइस सेवा मात्र उपयोग गरिरहेका ग्राहकलाई पनि एनटी टिभी सेवा उपलब्ध हुनेछ। यसका लागि वेसिक प्याकेज अन्तर्गत एक महिनाको एनटी टिभी सेवा मात्र रु. ४८० मा उपलब्ध हुनेछ भने एक वर्षको रु ५,७८० मा उपलब्ध हुनेछ। यसैगरी भ्वाइस सेवा मात्र उपभोग गरिरहनु भएका एफटीटीएचका ग्राहकहरुले प्रिमियम प्याकेज अन्तर्गत एक महिनाको एनटी टिभी रु. ८०० मा प्राप्त गर्न सक्नुहुनेछ भने १२ महिनाको एनटी टिभी रु ८,३०० मा प्राप्त गर्न सक्नुहुनेछ।

एनटी टिभी सेवाको प्याकेज तथा दररेट र सेवा उपलब्ध हुने स्थानहरु सम्बन्धी विस्तृत विवरण कम्पनीको वेबसाइटमा उपलब्ध छ।

# राज्यका प्राथमिकतामा रहेका ......

(१ पेजको बाँकी)



सो अवसरमा कार्यक्रमका सभापति एवं सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव तथा नेपाल टेलिकम सञ्चालक समिति अध्यक्ष हरिप्रसाद बस्यालले कम्पनीको लक्ष्य मुलुकभरका जनतालाई गुणस्तरीय अत्याधुनिक सञ्चार सेवा पुऱ्याउनु भएकाले यसका लागि दत्तचित्त भएर लाग्नुपर्ने बताउनु भयो। उहाँले कम्पनीले वितरण गरिरहेको एफटीटीएच सेवाको माग अत्यन्त धेरै भएकाले यसको उपलब्धता सर्वसुलभ गराउनुका साथै दिगो र निरन्तर सेवाका लागि मर्मत सम्भारमा विशेष योजनाका साथ खटिनुपर्ने सुझाव दिनुभयो।

कार्यक्रममा स्वागत मन्तव्य राख्दै प्रबन्ध निर्देशक डिल्लीराम अधिकारीले कम्पनीको प्राविधिक पक्ष, व्यावसायिक तथा आर्थिक अवस्था, सांगठनिक संरचना, सेवा विस्तारको अवस्था आदि बारेमा जानकारी गराउनु भयो। उहाँले कम्पनीका योजना, लक्ष्य र कार्य प्रगति विवरण समेत प्रस्तुत गर्नुभयो।

कार्यक्रममा कम्पनी सञ्चालक समितिका सदस्य, कम्पनीका नायब प्रबन्ध निर्देशकहरुका साथै अन्य पदाधिकारीहरुको सहभागिता थियो।

# कम्पनीद्वारा मुलुकभरका विद्यार्थीलाई निःशुल्क सिमकार्ड र सहुलियतमा डाटा सेवा

नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले तयार गरेको 'विद्यालय शिक्षा सम्बन्धी आकस्मिक कार्ययोजना २०७७' बमोजिम विद्यालय जाने बालबालिकाहरुलाई आफ्नो परिवेश अनुकूल सिक्ने वातावरण सिर्जना गरी सिकाइमा सहजीकरण गर्ने कार्यमा सहयोग पुऱ्याउनका लागि नेपाल टेलिकमले निकै सस्तो दरमा सेवाहरु उपलब्ध गराएको छ।

यस अन्तर्गत नेपाल टेलिकमले शिक्षा तथा मानव स्रोत विकास केन्द्र (CEHRD) सँग समन्वय गरी सरकारी र सामुदायिक विद्यालयका शिक्षक र विद्यार्थीबीच सिकाई सम्पर्क कायम गराउने प्रयोजनका लागि कम्पनीको प्रिपेड मोबाइल 'पाठशाला CUG' सिम निःशुल्क उपलब्ध गराएको हो।

प्रत्येक विद्यालयका शिक्षक, विद्यार्थी र अभिभावकलाई कम्पनीको Closed User Group (CUG) मा आबद्ध गरी मासिक जम्मा रु. ९९ (VAT/TSC/OT बाहेक) मा क्लोज्ड ग्रुपभित्र असीमित कुराकानी गर्न सकिने भ्वाइस सेवा, शिक्षा तथा मानव श्रोत विकास केन्द्रको वेबसाइट (www.learning.cehrd.edu.np) चलाउन ५ जिबी डाटा र बल्क एसएमएस सुविधा समेत उपलब्ध गराइरहेको छ। शिक्षा तथा मानव श्रोत विकास केन्द्रको वेबसाइट (www.learning.cehrd.edu.np) मा कक्षा १ देखि १० सम्मको सबै पाठ्यक्रम र पाठ्यसामग्रीहरु उपलब्ध हुनेछ।

सो प्रिपेड सिमकार्डबाट शिक्षक-विद्यार्थी र अभिभावकबीच असीमित कुराकानी गर्न, शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेब पोर्टल निःशुल्क चलाउन र शैक्षिक प्रयोजनका लागि बल्क एसएमएस पठाउन सकिने छ।

कर्पोरेट युजर ग्रुप बनाउने प्रयोजनका लागि सार्वजनिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थी भएका प्रत्येक घरधुरीलाई एउटा सिमकार्ड तथा सो विद्यालयका प्रत्येक शिक्षकको सिमकार्डको फोन नम्बर संकलन गर्ने, प्रत्येक विद्यालयका यी फोन नम्बरलाई Closed User Group (CUG) सेवामा आवद्ध गराउने र यो सेवा वापतको शुल्क नेपाल सरकार, प्रयोगकर्ता र सेवा प्रदायकले साझेदारीमा व्यहोर्ने व्यवस्था गरिएको छ।

विद्यालयका विद्यार्थी, शिक्षक र परिवारको एक सदस्यसँग नेपाल टेलिकमको सिम नभएको अवस्थामा माग बमोजिम कम्पनीले सिम निःशुल्क उपलब्ध गराइरहेको छ। यो सेवा अन्तर्गत प्रत्येक विद्यार्थी र शिक्षकले निःशुल्क प्राप्त गर्ने सिमकार्डका लागि शिक्षक र विद्यार्थीको नागरिकता तथा परिचयपत्रको फोटोकपी, अभिभावकको नागरिकताको फोटोकपी र एकप्रति फोटो उपलब्ध हुनुपर्दछ। विद्यार्थीले सिमकार्ड आफ्नै वा अभिभावकको नाममा लिन सक्नेछन्।

विद्यार्थी वा अभिभावकलाई उपलब्ध गराइने 'पाठशाला CUG सिम'का लागि रितपूर्वक भरिएको फाराममा स्थानीय निकायबाट सिफरिश लिई नजिकै रहेको नेपाल टेलिकमको कार्यालयबाट विद्यालयले एकमुष्ट सिम लिन सक्नेछ। त्यसैगरी कम्पनीले प्राविधिक दृष्टिकोणले सम्भव भएसम्म सहुलियत दरमा टोल फ्रि नम्बर समेत उपलब्ध गराउने छ।

# सेवाग्राहीका लागि कम्पनीका आकर्षक छुटहरु

नेपाल टेलिकमले मोबाइल सेवामा उपलब्ध गराइरहेको विभिन्न प्याकेजलाई थप/परिमार्जन गरी मिति २०७७६।२९ देखि लागु हुने अटम अफर (Autumn Offer) उपलब्ध गराएको छ। यसैगरी ग्राहकवर्गलाई थप सहजताका लागि घटस्थापनादेखि कोजाग्रत पुर्णिमासम्म लागु हुने 'दशैं अफर' र काग तिहारदेखि छठ पर्वसम्म लागु हुने 'तिहार अफर' लाई फेस्टिभल अफर (Festival Offer) का रुपमा उपलब्ध गराइसकेको छ।

पहिलेदेखि नै उपलब्ध केही प्याकहरु यथावत् राखिएका छन् भने केही प्याकहरु परिमार्जन गरी थप आकर्षक बनाइएका छन्। साथै सान्दर्भिक नभएका केही प्याकहरुलाई निरन्तरता दिइएको छैन।

**क) अटम अफर**

- अटम अफरमा नयाँ प्याकेजका रुपमा सोसल मिडिया प्याक उपलब्ध छ। यस अन्तर्गत ३ दिनसम्म चलाउन मिल्नेगरी रु. ५५ मा Youtube Unlimited / Facebook Unlimited प्याकेज छुट्टाछुट्टै उपलब्ध भइरहेका छन्। यी अफर खरिद गरेपश्चात् सहुलियतस्वरुप रु. १५ मा ३ दिनसम्म सबै किसिमका एप्लिकेसन प्रयोग गर्न सकिने एक जिबी डाटाको Add-On Pack समेत खरिद गर्न सकिन्छ।
- यसअघि रु. ४० मा ३ दिनका लागि ५५ मिनेटको भ्वाइस प्याक उपलब्ध गराइरहेकोमा अब सोही दरमा ७० मिनेट कल गर्न सकिने प्याकेज उपलब्ध छ। त्यसैगरी रु. १५ मा 'वान नाइट अनलिमिटेड' भ्वाइस कल समेत उपलब्ध छ।
- पहिलेदेखि नै उपलब्ध अल टाइम भ्वाइस प्याक अन्तर्गत १ दिन, ७ दिन, २८ दिन र ३५ दिनका लागि उपलब्ध भ्वाइस प्याकहरु यथावत् राखिएका छन्। त्यसैगरी राती १० बजेदेखि बिहान ७ बजेसम्म चलाउन मिल्ने नाइट भ्वाइस प्याक र बिहान ५ बजेदेखि बेलुकी ५ बजेसम्म चलाउन मिल्ने विभिन्न दरका डे भ्वाइस प्याकहरु पनि यथावत् छन्।
- यसअघि 'वान डे डाटा प्याक' अन्तर्गत कुनैपनि समय चलाउन मिल्ने प्याक रु. १५ मा ६० एमबी उपलब्ध गराइरहेकोमा यसलाई परिमार्जन गरी १०० एमबी उलब्ध गराइएको छ। त्यसैगरी 'थ्री डे डाटा प्याक' रु. ६० मा ४०० एमबी उपलब्ध गराइरहेकोमा हाल ५०० एमबी प्राप्त गर्न सकिन्छ। वान डे डाटा प्याक अन्तर्गत बिहान ६ बजेदेखि बेलुकी ६ बजेसम्म चलाउन मिल्ने डाटा प्याकको भोल्युम पनि पहिले भन्दा बढाइएको छ। यस अन्तर्गत रु. १० मा ८० एमबी डाटा उपलब्ध भइरहेकोमा अब १२० एमबी र रु. १८ मा २५० एमबी डाटा उपलब्ध भइरहेकोमा अब सोही प्याकेज रु. १५ मा उपलब्ध छ।

**ख) फेस्टिभल अफर**

- फेस्टिभल अफरका रुपमा दशैं/तिहार र छठ पर्वलाई समेटी जीएसएम/सीडीएमए मोबाइलको रिचार्जमा कुराकानीका लागि अतिरिक्त मिनेट बोनसका रुपमा उपलब्ध गराइएको थियो। यसमा रिचार्ज कार्डबाट रु. ५० रिचार्ज वा एमपोसबाट रु. २० देखि रु. ५० सम्म रिचार्ज गर्दा सोही दिन प्रयोग गर्नुपर्ने गरी ५ मिनेट बोनस प्रदान गरिएको थियो। रिचार्जकार्डबाट रु. १०० वा एमपोसबाट रु. ५१ देखि रु.१०० रिचार्ज गर्दा सोही दिन प्रयोग गर्नुपर्ने गरी थप १० मिनेट बोनस उपलब्ध गराइएको थियो। रिचार्ज कार्डबाट रु. २०० वा एमपोसबाट रु. १०१ देखि रु. २०० रिचार्ज गर्दा सोही दिन प्रयोग गर्नुपर्ने गरी २० मिनेट थप बोनस प्रदान गरिएको थियो। एमपोसबाट रु. २०१ देखि रु. ४९९ सम्म रिचार्ज गर्दा सोही दिन प्रयोग गर्नुपर्ने गरी ३० मिनेट बोनस उपलब्ध गराइएको थियो।
- यसैगरी, रिचार्ज कार्डबाट रु. ५०० वा एमपोसबाट रु. ५०० देखि रु. ९९९ सम्म रिचार्ज गर्दा दुई दिनभित्र प्रयोग गर्न सकिने गरी ५० मिनेट बोनस उपलब्ध गराइएको थियो। साथै, रिचार्ज कार्डबाट रु. १००० वा एमपोसबाट रु. १००० वा सोभन्दा माथि रिचार्ज गर्दा दुई दिनमा प्रयोग गर्न सकिने गरी १०० मिनेट बोनस प्रदान गरिएको थियो।
- कम्पनीले ७ दिनका लागि प्रतिदिन १०० मिनेट र २८ दिनका लागि प्रतिदिन १०० मिनेट चलाउन मिल्ने छुट्टाछुट्टै रिकरिङ भ्वाइस प्याक उपलब्ध गराएको थियो। ७ दिनका लागि उपलब्ध हुने प्याकेजको मूल्य रु. ९५ रहेको थियो भने २८ दिनका लागि उपलब्ध हुने प्याकेजको मूल्य रु. ३७५ थियो। ती प्याक अन्तर्गत क्रमशः ७०० र २८०० मिनेट भ्वाइस कल गर्न सकिने सुविधा उपलब्ध गराइएको थियो।
- त्यसैगरी रिकरिङ भ्वाइस र रिकरिङ डाटा प्याक गरी दुवै सुविधा लिन सकिने नयाँ प्याक समेत उपलब्ध गराइएको थियो। यस अन्तर्गत रु. ९५ मा ७ दिनका लागि प्रतिदिन १४ मिनेट भ्वाइस र ७ जीबी डाटा गरी जम्मा ९८ मिनेट भ्वाइस कल गर्न र ७ जीबी डाटा चलाउन सकिने प्याक उपलब्ध गराइएको थियो। त्यसैगरी रु. ३७५ मा प्रतिदिन यही दरमा २८ दिनसम्म उपयोग गर्न सकिने गरी ३९२ मिनेट भ्वाइस कल र २८ जीबी डाटा सहितको प्याकेज पनि उपलब्ध गराइएको थियो।

**ग) अन्य अफरहरु**

- मिति २०७७ कात्तिक १ गतेबाट नेपाल टेलिकम एप पहिलो पटक डाउनलोड गर्दा ५०० एमबी डाटा एक पटकका लागि निःशुल्क उपलब्ध गराइएको थियो। यसैगरी *444# डायल गरी फोरजी सेवामा सिमकार्ड स्तरोन्नति गर्दा एक पटकका लागि ५०० एमबी (सबै नेटवर्कमा) र थप ५०० एमबी डाटा फोरजी नेटवर्कमा प्रयोग गर्न सकिने गरी निःशुल्क प्रदान गरिएको छ।
- यसअघि विद्यार्थीहरुका लागि मात्र उपलब्ध रहेको ह्याप्पी लर्निङ प्याक सबै ग्राहक महानुभावका लागि उपलब्ध गराइएको छ। यो प्याक लिनका लागि सम्बन्धित निकायको सिफारिश आवश्यक पर्ने व्यवस्था हटाइएको छ।

विभिन्न प्याकेज प्राप्त गर्नका लागि ग्राहकले *1415# डायल गर्नुपर्नेछ। कम्पनीको 'नेपाल टेलिकम' एप बाट यस सम्बन्धी जानकारी लिन तथा सेवा खरिद गर्न सकिन्छ। त्यसैगरी कम्पनीको वेबसाइट www.ntc.net.np मार्फत यस सम्बन्धी विस्तृत जानकारी प्राप्त गर्न सकिन्छ।

# फोरजी नेटवर्कको निरन्तर प्रयोगका लागि उपयुक्त हुने मोबाइल सेट

मुलुकका ७७ जिल्लामा नेपाल टेलिकमको फोरजी मोबाइल सेवाको पहुँच पुगेको छ। मोबाइल सेवाको स्वाभाविक विशेषता अनुसार सेवाको गुणस्तरमा भौगोलिक अवस्था, धरातलीय अवस्था आदिले प्रत्यक्ष प्रभाव पार्ने हुनाले सेवाको गुणस्तरमा निरन्तर एकरुपता नहुन सक्छ। यसका अतिरिक्त प्रयोग गरिने मोबाइल सेटको कारणले पनि गुणस्तरमा फरक पर्ने हुनाले ग्राहकहरुमा फोरजी मोबाइल सेटको प्रयोगका सम्बन्धमा थप जानकारीको आवश्यकता छ।

हाल कम्पनीको फोरजी सेवा १८०० मेगाहर्ज (ब्याण्ड ३) र ८०० मेगाहर्ज (ब्याण्ड २०) मा उपलब्ध छ। तुलनात्मक रुपले कम जनघनत्व र फराकिलो भुगोल भएका क्षेत्रमा ८०० मेगाहर्ज र बढी जनघनत्व भएका क्षेत्रमा १८०० मेगाहर्ज ब्याण्डमार्फत फोरजी सेवा उपलब्ध भइरहेको छ। यसको अर्थ, फोरजी मोबाइल सेवाका कुनैपनि प्रयोगकर्ता एउटा ब्याण्डको फैलावट क्षेत्रबाट अर्को ब्याण्डको प्रभाव क्षेत्रमा प्रवेश गर्दा कम्पनीको नेटवर्कको पहुँचका अतिरिक्त प्रयोग गरिने मोबाइल सेटले ८०० मेगाहर्ज र १८०० मेगाहर्ज दुवै ब्याण्ड उपयोग गर्न सक्ने भएमा थप गुणस्तरीय फोरजी सेवा उपयोग गर्न सकिन्छ ।

नेपाली बजारमा उपलब्ध अधिकांश मोबाइल सेटले १८०० मेगाहर्ज ब्याण्डको फोरजी सेवालाई सहजै उपयोगमा ल्याउन सक्ने भएपनि केही मोबाइल सेटले ८०० मेगाहर्ज ब्याण्डबाट प्रसारित फोरजी सेवालाई ग्रहण नगर्ने पाइएको छ। दुवै ब्याण्डमा चल्ने मोबाइल सेटको अभावमा फोरजी सेवाबाट अधिकतम फाइदा लिन नसकिने हुन्छ। यस्तो समस्या आएपछि कम्पनीको फोरजी सेवाको गुणस्तर राम्रो नभएको भ्रम ग्राहकवर्गलाई हुने गरेको पाइएको छ।

यो समस्या हल गर्न फोरजी सेवाका ग्राहकवर्गले आफ्नो मोबाइल सेटको बक्समा उपलब्ध प्राविधिक विवरण (Specification) हेरेर कुन मेगाहर्जमा चल्ने मोबाइल सेट हो भनी पत्ता लगाउन सकिन्छ। साथै मोबाइल सेटको Setting मा गई मोबाइल नेटवर्कको Option भित्र 2G Only/3G Only/3G-2G (Auto Connect)/LTE-3G-2G (Auto Connect) जस्ता विकल्पहरुमध्ये LTE-3G-2G (Auto Connect) Option छनौट गर्नु उपयुक्त हुन्छ।

यसका अतिरिक्त, नेपाल टेलिकमको फोरजी सेवा प्रयोगकर्ताहरुले नयाँ मोबाइल सेट खरिद गर्नु अघि १८०० मेगाहर्ज र ८०० मेगाहर्ज ब्याण्डका बारेमा जानकारी राखी दुवै ब्याण्डबाट फोरजी सेवा चलाउन सकिने मोबाइल सेट बिक्रेताबाटै सुनिश्चित गराई खरिद गर्नुहुन तथा प्रविधिको विकासले ल्याएका अवसरहरुको उचित प्रयोग गर्नु हुन कम्पनीका ग्राहकवर्गलाई अनुरोध गरिन्छ।

# सोलुको दुर्गम स्थानमा कम्पनीको मोबाइल सेवा



नेपाल टेलिकमले सोलुखुम्बुको विकट स्थान ताक्सिन्दु र जुभुमा जीएसएम मोबाइल सेवा सञ्चालनमा ल्याएको छ । गत असोज २९ देखि सञ्चालनमा आएको मोबाइल सेवामार्फत अब सो क्षेत्रका ग्राहकले कुराकानी गर्न र डाटा समेत चलाउन सक्नेछन् । यो भन्दा पहिले सो क्षेत्रमा कम्पनीको स्काई मोबाइलबाट मात्र सेवा उपलब्ध थियो ।

नुम्बुर हिमालको काखमा रहेको दुधकुण्ड नगरपालिकाको ताक्सिन्दुस्थित ३ हजार १३० मिटर उचाईमा जीएसएम प्रविधिको बीटीएस टावर स्थापना गरिएको छ । लुक्ला हुँदै नाम्चेसम्म पुग्ने पदयात्री यही रुट भएर जाने हुनाले यसबाट पर्यटकहरु समेत लाभान्वित हुने अपेक्षा गरिएको छ । सो क्षेत्रका नुनथला, फुलेबी, सेरा, खरिखोला, जुबिङ र पैयाँ लगायत क्षेत्रका करिब ६ सय घरधुरी अब कम्पनीको मोबाइल सेवाबाट प्रत्यक्ष रुपमा लाभान्वित हुनेछन् । सेवाग्राहीहरुको सुविधालाई ध्यानमा राखी दुर्गम तथा अति विकट क्षेत्रका वस्तीमा नेपाल टेलिकमले निःशुल्क सिम वितरण शुरु गरेको छ ।





त्यसैगरी सोलुकै दुधकोशी गाउँपालिका वडा नम्बर ४ जुबु बलंगामा अर्को टावर पनि हालै सञ्चालनमा ल्याइएको छ । करिब १ हजार २३० मिटर उचाईमा रहेको यो टावरले पनि सो क्षेत्र अन्तर्गत पर्ने देउसा, मुक्ली, कागेल, पञ्चन र जुभु गरी सो भेगमा रहेका ४ हजार घरधुरीलाई सेवा प्रदान गर्नेछ ।

यसका साथै ओखलढुंगाको रुम्जाटारमा नेपाल टेलिकमको ग्राहक सेवा केन्द्र पुनर्स्थापना गरिएको छ । कम्पनीले पहिले देखि नै रुम्जाटार र त्यहाँ रहेको विमानस्थलस्थित ग्राहक सेवा केन्द्रमार्फत सेवा प्रदान गरिरहेको भए तापनि करिब २ वर्ष देखि सो केन्द्र सञ्चालनमा थिएन । ग्राहक सेवा केन्द्र पुनर्स्थापना भएपछि सेवाग्राहीलाई टेलिफोन जडान गर्न, इन्टरनेट सुविधा लिन, नयाँ सिमकार्ड खरिद गर्न वा सिम परिवर्तन गर्न सहज हुनेछ । साथै सेवावापत भुक्तानी गर्नुपर्ने बिल पनि सो केन्द्रमा सहज रुपले भुक्तानी गर्न सकिनेछ ।

## संविधान दिवसका अवसरमा डाटामा भारी छुट

नेपाल टेलिकमले संविधान दिवस (राष्ट्रिय दिवस) २०७७ असोज ३ को अवसरमा अनलिमिटेड युट्युब (Unlimited Youtube), अनलिमिटेड फेसबुक (Unlimited Facebook) र एड-अन प्याक (Add-on Pack) उपलब्ध गराएको थियो ।

गत असोज २, ३ र ४ गते अनलिमिटेड युट्युब तथा अनलिमिटेड फेसबुक प्याक छुट्टाछुट्टै रु. ५५ प्रति प्याकमा खरिद गरी खरिद गरिएको मितिबाट ३ दिनसम्म प्रयोग गर्न सकिने गरी छुटहरु उपलब्ध गराएको हो । साथै, अनलिमिटेड युट्युब र अनलिमिटेड फेसबुक प्याकमध्ये कुनै एक प्याक खरिद गर्ने ग्राहकले एड-अन प्याकको रुपमा रु. १५ मा १ जीबी डाटा प्याक खरिद गरी डाटा प्रयोग गर्न सकिने सुविधा समेत उपलब्ध गराएको थियो । यो प्याक पनि खरिद गरेको मितिबाट ३ दिनसम्म प्रयोग गर्न सकिने अवधि रहेको थियो ।

समर अफर अन्तर्गत २८ दिनको समयावधि हुने १ जीबी पर डे (1 GB per day) डाटा प्याक रु. ८५० मा उपलब्ध भइरहेकोमा संविधान दिवसको अवसरमा यसमा ३४.७ प्रतिशतको भारी छुट प्रदान गरिएको हो । सो अनुसार यो प्याक २०७७ असोज २, ३ र ४ गते जम्मा रु. ५५५ मा उपलब्ध गराइएको थियो । संविधान दिवसका अवसरमा उपलब्ध गरिएका यी अफरहरु प्रयोग गर्न *1415*11# डायल गरेर अथवा ग्राहकवर्गको सहजताका लागि नेपाल टेलिकम एपबाट यी प्याकहरु खरिद गर्न सकिने सुविधा प्रदान गरिएको थियो ।

# अटम अफरका परिमार्जित थप प्याकेजहरु

नेपाल टेलिकमले उपलब्ध गराइरहेको अटम अफर (Autumn Offer) अन्तर्गतको प्रतिदिन १ जिबी डाटा प्याक (1 GB Per day Data Pack) लाई थप सुविधा सहित केही परिमार्जन गरेको छ। परिमार्जित अफर (२०७७ मंसिर ५ गते) शुक्रबार राती १२ बजे पश्चात लागु भएको हो।

हाल उपलब्ध भइरहेको प्रतिदिन १ जिबी डाटा प्याक (1 GB Per day Data Pack) अन्तर्गत प्रतिदिन १ जिबी डाटा प्रयोग गर्न सकिने गरी ७ दिनका लागि रु. २५० मा उपलब्ध भइरहेको प्याक र २८ दिनका लागि रु. ८५० मा उपलब्ध भइरहेको प्याकमा भ्वाइस सुविधा थप हुनेगरी नयाँ इको भ्वाइस प्लस डाटा कम्बो प्याक (Eco Voice+Data Combo Pack) ल्याइएको हो।

सो अनुसार इको भ्वाइस प्लस डाटा कम्बो प्याक (Eco Voice+Data Combo Pack) अन्तर्गत रु. २५० मा प्रतिदिन १४ मिनेटको हिसाबले जम्मा ९८ मिनेट भ्वाइस कल र प्रतिदिन १ जिबी डाटाको हिसाबले जम्मा ७ जिबी डाटा ७ दिनभित्र प्रयोग गर्न सकिने छ। यसैगरी रु. ८५० मा प्रतिदिन १४ मिनेटको हिसाबले जम्मा ३९२ मिनेट भ्वाइस कल र प्रतिदिन १ जिबी डाटाको हिसाबले जम्मा २८ जिबी डाटा २८ दिनभित्र प्रयोग गर्न सकिने छ।

- अटम अफर अन्तर्गत नयाँ अफरको रुपमा सोसल मिडिया अन्तर्गत अनलिमिटेड युट्युब र फेसबुक प्याक उपलब्ध भइरहेकोमा टिकटक चलाउन मिल्ने अफर समेत उपलब्ध गराइएको छ। कम्पनीले यो वर्षको संविधान दिवसको अवसरमा उपलब्ध गराएको अफरलाई टिकटक समेत जोडेर निरन्तरता दिएको हो। यस अन्तर्गत ३ दिन सम्म चलाउन मिल्ने गरी रु. ५५ मा युट्युब अनलिमिटेड, फेसबुक अनलिमिटेड र टिकटक अनलिमिटेड प्याकेज छुट्टाछुट्टै चलाउन सकिन्छ। यी प्याकेजको स्पिड शुरुमा १ एमबीपीएस हुनेछ भने ५ जीबी डाटा प्रयोग भइसकेपछि ३८४ केबीपीएस हुनेछ। यी प्याकेज खरिद गरेका ग्राहकलाई थप सहुलियतको रुपमा १ जीबी एड अन प्याक समेत उपलब्ध गराइएको छ। सो प्याक ३ दिन सम्म प्रयोग गर्न सकिने छ भने यसको मूल्य रु. १५ रहेको छ।
- फेसबुक र युट्युब चलाउने ग्राहकको सहजताका लागि मेन डाटाका साथ एप स्पेसिफिक १ जीबी पर डे रिकरिङ डाटा प्याक समेत उपलब्ध छ। यस अन्तर्गत रु. १८० मा ७ दिनका लागि मेन भोल्युम ४ जीबी र प्रत्येक दिन १ जीबी गरी ७ जीबी सहित जम्मा ११ जीबी डाटा उपलब्ध छ। त्यसैगरी रु. ५९९ मा मेन भोल्युम १० जीबी र २८ दिन सम्म प्रत्येक दिन १ जीबी गरी २८ जीबी सहित जम्मा ३८ जीबी उपलब्ध छ। यसरी उपलब्ध डाटा मध्ये मेन भोल्युमको डाटा जुनसुकै डाटा चलाउन पनि प्रयोग गर्न सकिन्छ भने प्रत्येक दिन प्राप्त हुने १ जीबी डाटाले युट्युब र फेसबुक चलाउन सकिने छ।
- टिकटक प्रयोगकर्ताका लागि अर्को अफर समेत उपलब्ध छ। यस अन्तर्गत रु. १९५ मा मेन भोल्युम ४ जीबी र ७ दिन सम्म प्रयोग गर्न सकिने ७ जीबी टिकटक भोल्युम गरी ११ जीबी उपलब्ध छ।
- माथि उल्लिखित युट्युब, फेसबुक र टिकटक सम्बन्धी सबै डाटा जुनसुकै समयमा र जुनसुकै नेटवर्कमा प्रयोग गर्न सकिने छ।
- कम्पनीले पहिले देखि नै उपलब्ध गराइरहेको पोस्टपेड प्याकमा रु. ५९९ को नयाँ पोस्टपेड (प्राइम) प्याक थप गरिएको छ भने रु. ७४९ को प्याकमा डाटा भोल्युम परिमार्जन गरिएको छ। अब रु. ५९९ मा ३० दिन सम्म चलाउन मिल्ने गरी प्याक लिन सकिने छ। सो प्याक प्रयोग गरी ४०० मिनेट कम्पनीकै नेटवर्कमा कल गर्न सकिने छ भने ५० मिनेट अन्य नेटवर्कमा समेत कल गर्न सकिने छ। त्यसैगरी ६ जीबी डाटा चलाउन र २०० वटा एसएमएस पठाउन सकिने छ। त्यसैगरी रु. ७४९ को ३० दिन चलाउन मिल्ने पोस्टपेड (प्रिमियम) प्याक लिन सकिने छ र यसबाट ८०० मिनेट कम्पनीकै नेटवर्कमा र ७५ मिनेट अन्य नेटवर्कमा कल गर्न सकिने छ। त्यसैगरी ८ जीबी डाटा भोल्युम चलाउन र ५०० वटा एसएमएस गर्न सकिने छ।
- एफटीटीएच ग्राहकले वार्षिक रुपमा २० एमबीपीएस वा यो भन्दा बढी प्याकेज लिएमा ती ग्राहकको जीएसएम मोबाइल नम्बरमा प्रत्येक दिन ३०० एमबी गरी वार्षिक रुपमा करिब १०८ जीबी डाटा भोल्युम उपलब्ध गराइने छ। एफटीटीएच ग्राहककै नाममा भएको जीएसएम मोबाइल नम्बरमा सो प्याकेज उपलब्ध गराइने छ र यसको प्रयोग एक वर्ष भित्र गरिसक्नु पर्नेछ।

विभिन्न प्याकेज प्राप्त गर्नका लागि ग्राहकले *1415# डायल गर्नु पर्नेछ। कम्पनीको एप 'नेपाल टेलिकम' बाट पनि यस सम्बन्धी जानकारी लिन तथा सेवा खरिद गर्न सकिन्छ। त्यसैगरी कम्पनीको वेबसाइट www.ntc.net.np मार्फत यस सम्बन्धी विस्तृत जानकारी लिन सकिन्छ।

*नोट : माथि उल्लेख गरिएका सबै दरहरु* TSC तथा VAT*सहितका हुन्।*

# विद्यालय परिवार र अभिभावकलाई पनि "पाठशाला CUG सिम"

नेपाल टेलिकमले देशभरका सार्वजनिक विद्यालयका शिक्षक तथा विद्यार्थीहरुका लागि वितरण गरिरहेको 'पाठशाला CUG सिम' विद्यालयका कर्मचारी, अभिभावक, विद्यालय सञ्चालक समितिका सदस्यहरुलाई पनि उपलब्ध गराएको छ। माहामारीको अवस्थामा मुलुकभरका विद्यार्थीहरु शिक्षाबाट वञ्चित हुनु नपरोस् भनी नेपाल सरकारले लागु गरेको आकस्मिक शैक्षिक योजना २०७७ अन्तर्गत कम्पनीले पठनपाठनका लागि सहुलियत दरमा 'पाठशाला CUG सिम' वितरण गरिरहेको हो।

यो अफरमा आबद्ध हुन नेपाल टेलिकमको जीएसएम वा सीडीएमए प्रिपेड मोबाइल नम्बर आवश्यक हुन्छ। पहिलेदेखि प्रयोगमा रहेका प्रिपेड सिमकार्डलाई पाठशाला CUG सेवामा आबद्ध गर्न सकिन्छ। नेपाल टेलिकमको प्रिपेड सिमकार्ड नहुने प्रयोगकर्ताहरुले नि:शुल्क रुपमा उपलब्ध हुने नयाँ प्रिपेड सिमकार्ड लिई CUG सेवा उपयोग गर्न सक्नुहुनेछ।

यस अन्तर्गत कुनै एक विद्यालयसँग सम्बद्ध भई कम्पनीको संस्थागत प्रयोगकर्ता समूह (CUG) मा आबद्ध हुन सेवाग्राहीलाई मासिक जम्मा रु. ९९ मात्र (सरकारी कर र स्वामित्व करबाहेक) लाग्दछ। यसमा आबद्ध सेवाग्राहीले क्लोज्ड ग्रुपभित्र असीमित कुराकानी गर्न सकिने भ्वाइस सेवा उपलब्ध हुनेछ। यसअघि शिक्षा तथा मानव श्रोत विकास केन्द्रको वेबसाइट (http://learning.cehrd.edu.np)मा रहेका शैक्षिक सामग्री प्रयोग गर्न ५ जिबी डाटा सेवा उपलब्ध भएकोमा यसलाई बढाएर ८ जिबी डाटा उपलब्ध गराइनेछ।

त्यसैगरी समूहभित्र थप शुल्क बिना बल्क एसएमएस पठाउन सकिने सुविधा यथावत् छ। साथै, कुनैपनि समयमा जुनसुकै प्रयोजनका लागि १ जिबी डाटा र समूहभित्र १ सयवटा सन्देश पठाउन सकिने सुविधा थप गरिएको छ।

विद्यालयले 'पाठशाला CUG सिम' मा आबद्ध हुने सम्पूर्ण शिक्षक, विद्यार्थी र अभिभावकको मोबाइल नम्बर र नाम सहितको विवरण तोकिएको ढाँचामा तयार गर्नुपर्दछ। सो विवरण स्थानीय तहको सिफारिसका साथ नजिकैको नेपाल टेलिकम कार्यालयमा सम्पर्क गरी लाग्ने शुल्क भुक्तानी गर्नुपर्दछ। त्यस पश्चात् सो ग्रुपमा आबद्ध सबै मोबाइल नम्बरहरुमा एसएमएसमार्फत पाठशाला CUG सेवाको जानकारी उपलब्ध हुन्छ।

आकस्मिक शैक्षिक योजना २०७७ मा उल्लेखित प्रावधान बमोजिम सार्वजनिक विद्यालयका शिक्षक, विद्यार्थी तथा अभिभावकहरुका लागि यस समूहमा आबद्ध हुन लाग्ने रकम स्थानीय निकायले व्यहोर्ने भएकाले योजनामा सामेल हुनुअघि स्थानीय निकायको सिफारिश लिनुपर्दछ। यसका अलावा सरकारको यस योजनामा सहभागी हुन नचाहने सार्वजनिक विद्यालयका विद्यार्थी, शिक्षक, अभिभावक, कर्मचारी र सञ्चालक समितिका सदस्यहरुले यस योजनामा सहभागी हुन नजिकको नेपाल टेलिकमको कार्यालयमा सम्पर्क गरी संस्थागत ग्राहक सेवा वापतको रकम रु. १२९ मात्र (सरकारी कर र स्वामित्व करसहित) एकमुष्ट भुक्तानी गरी पाठशाला CUG सेवा प्राप्त गर्न सकिनेछ। यसका लागि स्थानीय तहको सिफारिश आवश्यक पर्नेछैन।

पाठशाला CUG अफरको अवधि समाप्ति पश्चात् यो अफरका लागि प्राप्त मोबाइल साधारण प्रयोगकर्ता सरह नै निरन्तर प्रयोग गर्न सकिने छ।

यस सम्बन्धी थप जानकारीका लागि नेपाल टेलिकमको नजिकको कार्यालयमा सम्पर्क गर्नुहुन वा कम्पनीको वेबसाइट www.ntc.net.np मा रहेको पाठशाला CUG अफर सम्बन्धी सूचनाको लिंक https://www.ntc.net.np/post/paathshala-cug-sim-distribution हेर्नुहुन अनुरोध गरिन्छ।

# शुभकामना सन्देश पठाउन आकर्षक एसएमएस प्याकहरु

नेपालीहरुको महान पर्व तिहार, छठ तथा नेपाल संवतको नयाँ वर्ष (न्हु दया)का अवसरमा आफन्त र शुभचिन्तकहरुलाई शुभकामना सन्देश (SMS) पठाउन सहज होस् भनी नेपाल टेलिकमले एसएमएस प्याकका साथै विभिन्न प्रकारका प्याकहरु उपलब्ध गराइरहेको छ ।

सामान्य अवस्थामा एउटा एसएमएस पठाउँदा ५० पैसा शुल्क लाग्ने गरेको छ । हाल नेपाल टेलिकमले उपलब्ध गराइरहेको अटम अफर (Autumn Offer) अन्तर्गतको एसएमएस प्याकमा तीन प्रकारका सहुलियत उपलब्ध छन्:- रु. ५ मा २० वटा एसएमएस, रु. १५ मा ७० वटा एसएमएस र रु. ६० मा ३०० वटा एसएमएस । यी प्याकहरु क्रमश: १ दिन, ७ दिन र २८ दिनको समयावधिभित्र प्रयोग गर्न सकिन्छ ।

२० वटा एसएमएसका लागि SMS20, ७० वटा एसएमएसका लागि SMS70 र ३०० वटा एसएमएसका लागि SMS300 लेखेर १४१५ मा एसएमएस पठाउन सकिन्छ । यसैगरी *1415*1*5# डायल गरेर वा NT APP बाट पनि एसएमएस सेवा खरिद गर्न सकिन्छ ।

नेपाल टेलिकमको पोस्टपेड प्रयोगकर्ताहरुले पोस्टपेडका विभिन्न प्याकमध्ये प्राइम, प्रिमियम, गोल्ड र डायमन्ड प्याक लिंदा एसएमएस, भ्वाइस र डाटा प्याकहरु समेत प्रयोग गर्न सकिन्छ । पोस्टपेड प्राइम प्याक लिई २ सयवटा एसएमएस, प्रिमियम प्याक खरिद गर्दा ५ सय वटा एसएमएस र गोल्ड तथा डायमन्ड प्याक खरिद गर्दा १ हजार वटा एसएमएस पठाउन सकिने सुविधा उपलब्ध छ । यी एसएमएस एक महिनासम्म कुनैपनि समयमा पठाउन सकिन्छ । पोस्टपेड प्याक खरिद सम्बन्धी विस्तृत जानकारी लिनका लागि आफ्नो मोबाइलमार्फत *1415*2# डायल गर्न सकिन्छ ।

कर्पोरेट कार्यालयका लागि उपलब्ध गराइएको कर्पोरेट युजर ग्रुप (सीयूजी) अन्तर्गत रहेर पनि सहुलियत दरमा एसएमएस पठाउन सकिन्छ । सीयूजी प्याक अन्तर्गत रु. २००, रु. ५००, रु. १००० र रु. १५०० दरका विभिन्न अफर अन्तर्गत रहेर ग्रुपमा आवद्ध र ग्रुपभन्दा बाहिरका नम्बरमा समेत कल गर्न र एसएमएस गर्न सकिनुका साथै डाटा समेत चलाउन सकिन्छ । सो प्याक अन्तर्गत अन्य सुविधाका अतिरिक्त क्रमश: ५०, १००, २०० र ४०० वटा एसएमएस आवश्यकता अनुसार एक महिना भित्र पठाउन सकिन्छ ।

कम्पनीको 'नेपाल टेलिकम एप' बाट यी विभिन्न प्याकका बारे जानकारी लिन तथा सेवा खरिद गर्न सकिन्छ । त्यसैगरी कम्पनीको वेबसाइट www.ntc.net.np मार्फत यस सम्बन्धी विस्तृत जानकारी प्राप्त गर्न सकिन्छ । वेबसाइटमा रहेको सेल्फ केयर एकाउन्टमा रजिष्टर गरेर त्यसबाट पनि विभिन्न प्याक खरिद गर्न सकिन्छ ।

# विद्युत आपूर्ति नहुँदा एफटीटीएच सेवा चलाउन 'राउटर युपिएस'

नेपाल टेलिकमले तामाको तारबाट चल्ने परम्परागत ल्याण्डलाइन टेलिफोनलाई एफटीटीएच अर्थात फाइबर टु द होम सेवाले विस्थापित गरी भ्वाइस तथा डाटा सेवा उपलब्ध गराइरहेको छ । कम्पनीले निकट भविष्यमै यही सेवामार्फत टेलिभिजन सुविधा समेत उपलब्ध गराउने तयारी गरिरहेकाले यस सेवाप्रतिको आकर्षणमा निरन्तर वृद्धि हुने देखिन्छ ।

विद्युत आपूर्ति अवरुद्ध भएको समयमा एफटीटीएचको भ्वाइस सेवा अवरुद्ध हुन जाने हुनाले इन्भर्टरको फुल ब्याकअप भएका घर तथा कार्यालय बाहेक अन्य स्थानहरुमा भ्वाइस सेवा प्रयोग गर्न असुविधा हुने भएकाले हाल बजारमा उपलब्ध सानो खालको राउटर यूपीएस वा एडेप्टरको प्रयोगले ग्राहकहरुलाई सुविधा हुने देखिन्छ ।

राउटर यूपीएस जस्ता साना डिभाइस विभिन्न क्षमताका हुन्छन् र विद्युत नभएको समयमा केही घण्टासम्म सेवाको निरन्तरताका लागि उपयुक्त हुन्छन् । एडेप्टरमा भने त्यसमा भएको ब्याट्री विद्युत उपलब्ध भएको समयमा आफैं चार्ज हुन्छ र विद्युत नभएको समयमा त्यही ब्याकअप पावर खपत हुन्छ ।

कम्पनीले वितरण गरिरहेको एफटीटीएच सेवाका लागि १२ भोल्ट र एक एम्पियर क्षमताको एडेप्टर उपयुक्त हुने भएकाले ग्राहकवर्गले आफ्नो आवश्यकता तथा सहजता अनुसार बजार वा On-line बाट खरिद गरी प्रयोग गर्न उपयुक्त हुने देखिन्छ ।

हाल कम्पनीले एफटीटीएच सेवामा विभिन्न प्याकेजहरु आकर्षक दरमा उपलब्ध गराइरहेको छ । प्राविधिक रुपले सम्भव हुने स्थानहरुमा पुरानो ल्याण्डलाइन फोनलाई एफटीटीएच प्याकेजअन्तर्गत एक थान वाइफाई राउटर (सीपीई) र एक सय मिटर ड्रप फाइबर नि:शुल्क उपलब्ध गराई नयाँ एफटीटीएच जडान गर्दै आएको छ । यसका लागि ग्राहकवर्गले नजिकको दूरसञ्चार कार्यालयमा सम्पर्क गर्नु पर्दछ ।

# तीव्र गतिमा विस्तार हुँदै एफटीटीएच सेवा

नेपाल टेलिकमले गत २०७७ साउनदेखि पुस मसान्तसम्मको अवधिमा ६० हजार ३८४ सीपीई वितरण गरेको छ । यस अन्तर्गत ३९ हजार ६४५ लाइन पहिलेको एडीएसएलबाट एफटीटीएचमा माइग्रेट भएका छन् भने २० हजार ८१२ नयाँ लाइन जडान भएका छन् । यस अवधिमा ४४ हजार ७३८ डाटा (इन्टरनेट) र ४६ हजार ५२९ भ्वाइस (टेलिफोन) का ग्राहक थप भएका छन् ।

पुस मसान्तसम्मको अवधिमा सबैभन्दा बढी दूरसञ्चार कार्यालय सुन्धारा अन्तर्गत ३ हजार ५२५ लाइन एफटीटीएचमा माइग्रेट भएका छन् भने दूरसञ्चार कार्यालय जनकपुरले सबैभन्दा बढी १ हजार ३२८ नयाँ लाइन जडान गरेको छ । इन्टरनेट अर्थात् डाटा सुविधा अन्तर्गतको सेवा सबैभन्दा बढी २ हजार ८४२ लाइन दूरसञ्चार कार्यालय पोखराले जडान गरेको छ भने भ्वाइस अर्थात टेलिफोन सुविधा मात्र उपलब्ध भएको सेवा सबैभन्दा बढी दूरसञ्चार कार्यालय सुन्धाराले ४ हजार २०७ लाइन जडान गरेको छ ।

नेपाल टेलिकमले गत साउन मसान्त सम्म ४८ हजार ३८६ लाइन एफटीटीएच जडान गरेकोमा त्यस पश्चातको ६ महिनाको अवधिमा ६० हजार ३८४ लाइन (२०७७ माघ ६ सम्म जम्मा ६२ हजार २३६ लाइन) जडान कार्य सम्पन्न गरेको छ । एउटै लाइनबाट गुणस्तरीय आवाजसहितको टेलिफोन सेवा र तीव्र गतिको इन्टरनेट उपलब्ध हुने फाइबर टु दि होम अर्थात एफटीटीएच प्रविधिको सेवा मुलुकभर तीव्र गतिमा विस्तार भइरहेको छ । नेपाल टेलिकमले यस आर्थिक वर्षलाई एफटीटीएच वर्षका रुपमा लिंदै देशभर सेवा पुऱ्याउने र अधिकांश सेवाग्राहीहरुलाई यो सेवा उपलब्ध गराउने योजना अघि सारेको छ ।

# डेढ दर्जन भाषामा निरन्तर कम्पनीका सन्देशहरु

नेपाल टेलिकमले देशका विभिन्न स्थानमा छरिएर रहेका फरक फरक मातृभाषा बोल्ने सेवाग्राहीहरुलाई लक्षित गरी कम्पनीका सेवाका बारेमा जानकारी प्रदान गर्दै आइरहेको छ । कम्पनीले उपलब्ध गराइरहेका सेवा सुविधाहरुको विस्तृत विवरण विभिन्न भाषाभाषी, जातजाती तथा समुदायसम्म पुऱ्याउने उद्देश्यले तिनै स्थानीय भाषामा कम्पनीले जानकारी प्रदान गरिरहेको हो ।

यस कार्यका लागि नेपाल टेलिकम र रेडियो नेपालबीच व्यावसायिक सहकार्य जारी रहेको छ । विभिन्न बोल भएका फरक फरक सन्देशहरु झण्डै डेढ दर्जन भाषामा रेडियो नेपाल केन्द्रीय प्रसारण केन्द्र सिंहदरबार तथा प्रादेशिक प्रसारण केन्द्रहरु धनकुटा, बर्दिबास, काठमाडौं, पोखरा, दाङ र दिपायल मार्फत प्रसारण भइरहेका छन् ।

राई बान्तवा, लिम्बु, पूर्वेली थारु, मैथिली, भोजपुरी, मगही, तामाङ, शेर्पा, उर्दु, नेपाल (नेवारी), गुरुङ, मगर, अवधि, पश्चिमा थारु, खाम मगर, डोटेली र राना थारु भाषामा विभिन्न सन्देश प्रसारण भइरहेका छन् । यी सन्देशमा नेपाल टेलिकमले प्रदान गरेका विभिन्न डाटा र भ्वाइस लगायतका सेवाहरु र तिनको प्रयोग गर्ने तरिका बारेमा जानकारी प्रदान गरिने हुनाले देशभरी छरिएर रहेका विभिन्न भाषाभाषी र समुदायका सेवाग्राहीहरु लाभान्वित हुने कम्पनीको अपेक्षा रहेको छ ।

नेपाल टेलिकमले हाल अटम अफरको रुपमा विभिन्न प्रकारका भ्वाइस र डाटा प्याक उपलब्ध गराइरहेको छ । त्यसैगरी फेस्टिभल अफरका रुपमा दशैं, तिहार र छठ पर्वलाई समेटी जीएसएम/सीडीएमए मोबाइलको रिचार्जमा कुराकानीका लागि अतिरिक्त मिनेट बोनसका रुपमा उपलब्ध गराइरहेको छ ।

नेपाल टेलिकमका विभिन्न सेवा प्रयोग गर्नका लागि १४१२, १४१५ आदि सर्ट कोड प्रयोग गर्न सकिन्छ । विभिन्न प्याकेज प्राप्त गर्नका लागि ग्राहकले *1415# डायल गर्नुपर्छ । कम्पनीको 'नेपाल टेलिकम एप' बाट यस सम्बन्धी जानकारी लिन तथा सेवा खरिद गर्न सकिन्छ । त्यसैगरी कम्पनीको वेबसाइट www.ntc.net.np मार्फत पनि यस सम्बन्धी विस्तृत जानकारी प्राप्त गर्न सकिन्छ ।


सुझाव तथा प्रतिक्रिया पठाउने ठेगाना: नेपाल टेलिकम, प्र.व्या.अ.का., सूचना तथा प्रकाशन शाखा, दूरसञ्चार भवन, भद्रकाली प्लाजा

e-mail: ntc.news@ntc.net.np फोन: ४२१०३७८, फ्याक्स : ४२१०३७९, मासिक रूपमा प्रकाशित हुने यो Newsletter कम्पनीको website : www.ntc.net.np मा पनि उपलब्ध छ ।

**Published by: Nepal Telecom, Office of CCO, Information & Publication Section**
Co-ordinator : Rajesh Joshi    Joint Co-ordinator : Ranjeet Lohia

Editor : Umesh Dahal
Editorial Team : Eka Raj Subedi, Meghanath Dhakal